अंक: बैशाख - असार २०७९

# पैरवी




लेखन तथा संयोजन : सुलोचना खनाल, श्रृजना खड्का

प्रकाशनमा सहयोग गर्नुहुने : पुष्पा सापकोटा, सृजना विश्वकर्मा

पैरवीको यस अंकमा ओरेकले मे २०२२ देखि जुलाई २०२२ सम्म सञ्चालन गरेका अभियानमुलक कार्यक्रमहरुको जानकारी समावेश गरेको छ। यस अवधीमा ओरेकले बलात्कार विरुद्धको चौंथो चरणको राष्ट्रिय अभियान घोषणा कार्यक्रम गर्नुका साथै सोही अभियान अन्तर्गत रहेर ५० भन्दा बढी संघसंस्थाको संयुक्त आयोजनामा सम्पन्न भएका पैरवी तथा सचेतना मुलक कार्यक्रमहरु यस अंकमा समेटिनुका साथै विभिन्न सम्बन्धित सरोकारवाला निकायलाई जारी गरिएका विज्ञप्ती, मागपत्र, ध्यानकर्षण लगायत संस्थाले सम्पन्न गरेका गतिविधिहरुलाई न्युजलेटरमा प्रस्तुत गरिएको छ ।





ओरेक
बालकुमारी, ललितपुर फोन नं.: ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org
हटलाईन नम्बरहरु:१६६००१७८९१०;१६६०-२१-५२०००

# बलात्कार विरुद्ध चौंथो चरणको राष्ट्रिय अभियान घोषणा कार्यक्रम










बलात्कार मानव अधिकार हनन्को जघन्य र निकृष्ट अपराध हो । मुलुकी अपराध संहिताले जबरजस्ती करणीलाई जघन्य अपराधको परिभाषा भित्र राखेको अवस्था छ । समान्यतया जघन्य अपराधको हकमा हदम्याद लागु हुँदैन । मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ३(छ) मा जघन्य कसूर भन्नाले जन्मकैद वा दश वर्ष भन्दा बढी कैद सजाय हुने कसूर सम्झनु पर्छ भनी परिभाषित गरेको छ । बलात्कारको घटनामा भएको कानूनी हदम्याद, फरक फरक सजाय व्यवस्था, प्रमाणका आधारहरु, लामो र त्रुटीपूर्ण अनुसन्धान प्रकृया, कानूनको व्याख्या र कार्यान्वयन गर्ने अधिकार प्राप्त निकायमा रहेका केहि व्यक्तिहरुको पितृसत्तात्मक सोच र व्यवहार विरुद्ध महिला मानव अधिकार रक्षक राष्ट्रिय संजालको संयोजनमा महिला अधिकार, मानव अधिकारको क्षेत्रमा काम गर्ने ५० भन्दा बढि संघसंस्थाहरुको संयुक्त सहभागीतामा आज भन्दा नौ वर्ष अगाडी बलात्कार विरुद्धको राष्ट्रिय अभियान सञ्चालन भएको थियो । २०७० असोज ६ बाट सुरु गरि २०७१ बैशाख सम्म दुई चरणमा सञ्चालन गरिएको उक्त अभियानले “द्वन्द्वकालमा यौन हिंसा प्रभावित महिलाहरुको न्यायमा सुनिश्चितता सरकारको जवाफदेहिता”भन्ने मुख्य नाराका साथ दोस्रो चरणको अभियान सम्पन्न गरिनुका साथै द्धन्द्धकालमा भएका यौन हिंसा प्रभावित महिलाहरुको न्यायिक प्रक्रियामा अघि बढ्न गोप्य रुपमा उजुरी संकलन र सरोकारवालाहरुलाई संवेदनशील बनाउने कार्यमा योग्दान पु¥याएको थियो ।

त्यसैगरि २०७७ कार्तिक देखि पौष महिनासम्म तेस्रो चरणको बलात्कार विरुद्धको अभियान “मौनता तोडौं”-बलात्कार र लैङ्गिक हिंसा विरुद्ध बोलौँ”भन्ने मुल नारा सहित बलात्कार तथा लैङ्गिक हिंसाका बारेमा सचेतना,हिंसा नुहने वातावरण, प्रभावितको सामाजिक न्याय तथा कानूनी न्यायको अधिकार सुनिश्चितताको वातावरण निर्माण गर्न दवाबमुलक क्रियाकलापसहित सम्पन्न भएको थियो । विभिन्न चरणमा सम्पन्न भएका यी अभियानहरुको प्रभावले गर्दा बलात्कारको घटनाको कानूनी हद म्याद एक वर्ष, बलात्कारका घटनाको निरन्तर सुनुवाई, द्रुत न्याय प्रणाली, देवानी तथा फौजदारी संहिताले बलात्कार सम्बन्धी परिभाषा लगाएत कानूनी व्यवस्थामा पनि परिमार्जन गरि नीतिगत व्यवस्था ल्याउन सफल भएको छ। यद्यपी समाजमा महिला तथा बालिका माथि हुने हिंसा र बलात्कारका घटनाहरु अन्त्य हुने अवस्था अझ पनि देखिदैन। तसर्थ बलात्कारबाट प्रभावित महिलाहरुको कानूनी तथा सामाजिक न्याय सुनिश्चितताका लागि जबर्जस्ती करणीमा हदम्याद नराखी कानून संशोधन गर्न, हिंसा प्रभावितलाई राज्यले निःशुल्क स्वास्थ्य, क्षतिपूर्ति तथा मनोसामाजिक उपचार एवं परामर्शको व्यवस्था गर्न, सुरक्षा र पुनरुथापनको व्यवस्था गर्न र कानूनको पुर्ण रुपमा कार्यान्वयन गरि दण्डहीनताको अन्त्यका लागि कानून निर्माणकर्ताहरु र समग्र राज्यलाई नै दवाब दिने उद्देश्यले “कानूनी तथा सामाजिक न्यायको अधिकार हिंसा रहित समाजको आधार ”भन्ने मूल नाराका साथ बलात्कार विरुद्धको चौथो राष्ट्रिय अभियान देशव्यापी रुपमा घोषणा गरिएको थियो । महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजाल, ओरेक लगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न ५० भन्दा बढी संघसंस्था संजालहरुको संयुक्त प्रयास र ऐक्यबद्धतामा २०७९ असार १२ गते देखि अभियान अन्तर्गतका चौंथो चरणका कार्यक्रमहरु सञ्चालन गरिएको छ । सोही दिन चौंथो चरणको अभियान घोषणा गर्नुपूर्व अभियान अन्तर्गत योजना गरिएका मुख्य क्रियाकलापहरु र मागहरु पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको थियो ।

अभियान घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालका अध्यक्ष श्याम कुमारी शाहले बलात्कार जस्तो जघन्य अपराधका घटनामा व्यवस्था गरिएको हदम्यादका कारणले हिंसा प्रभावितको न्यायमा पहुँचमा बाधा पुगेको, अपराधको ढाकछोप र अपराधीलाई संरक्षण गर्ने परिपाटीले दण्डहीनता मौलाएको छ, तसर्थ हिंसा प्रभावितको न्यायमा पहुँचको अधिकार सुनिश्चितताका लागि सरकारले हदम्याद खारेज गर्नुपर्ने, द्रुत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने लगायतका मागहरु राखि चौंथो चरणको अभियान शुरुवात गरेको जनानाकारी गराउनु भएको थियो । ६ महिनासम्म सञ्चालन हुने यस अभियानका मागहरु संवोधन नभएमा र बलात्कारका घटनामा संवेदनशील भएर सरकारले ठोस कदम नचाले सम्म हाम्रो अभियान निरन्तर जारी रहने बताउनु भएको थियो । कार्यक्रममा अभियानसंग सम्बन्धित गीत,कविता,नृत्य र फेस पेन्टिङ्ग गर्नुका साथै कार्यक्रममा सहभागि सबैको ऐक्यवद्धता सहितको हस्ताक्षर संकलन समेत गरिएको थियो । यसैगरी अभियान अन्तर्गत महिला मानव अधिकार रक्षक सञ्जालको नेतृत्वमा ओरेक लगायत मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा सरोकारवालाहरुको संयुक्त आयोजनामा बाँके, धादिङ्ग, सोलुखुम्बु, कपिलवस्तु, डोटी, दार्चुला, सर्लाही, धनुषा, सिरहा,महोत्तरी, मोरङ्ग, सुनसरी, उदयपुर, दाङ्ग,कैलाली, रुपन्देही, कपिलवस्तु, रुकुम, सुर्खेत लगायतका जिल्लाहरुमा धर्ना,¥याली, समन्व्य तथा सहकार्य बैठक बस्ने तथा अभियानका मागहरुसहित सम्बन्धित सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउने जस्ता गतिविधिहरु सम्पन्न भएका छन् ।





# अभियानका बारेमा



लुभ राज न्यौपाने, कार्यकारी निर्देशक ओरेक

बलात्कार जस्तो जघन्य अपराधमा हदम्यादको दायरा र प्रभावित केन्द्रित प्रणाली अभावका कारणले हिंसा प्रभावितहरुको न्यायिक उपचारको बाटो अबरुद्ध भएको वास्तविकता हाल देखिएका विभिन्न घटनाक्रमले पुष्टि गर्दछ । जसले गर्दा एकातिर पीडकहरुले सहज उन्मुक्ति पाएको अवस्था छ, भने प्रभावितहरुको न्यायिक उपचारको मौलिक हक कुण्ठित भई दण्डहीनता मौलाएको छ। तसर्थ बलात्कारबाट प्रभावित महिलाहरुको कानूनी तथा सामाजिक न्याय सुनिश्चितताका लागि जबर्जस्ती करणीमा हदम्याद नराखी कानून संशोधन गर्न, हिंसा प्रभावितलाई राज्यले नि:शुल्क स्वास्थ्य, क्षतिपूर्ति तथा मनोसामाजिक उपचार एवम् परामर्शको व्यवस्था गर्न, सुरक्षा र पुनरुथापनाको व्यवस्था गर्न र कानूनको पुर्ण रुपमा कार्यान्वयन गरि दण्डहीनताको अन्त्यका लागि कानून निर्माणकर्ताहरु र समग्र राज्यलाई नै दवाब दिन आवश्यक छ ।



विमला तामाङ उपाध्यक्ष, महिला मानव अधिकार रक्षहरुको राष्ट्रिय सञ्जाल

नेपालको महिलावादी आन्दोलनलाई नियाल्दा विभिन्न कालखण्डमा महिला तथा अन्य पछाडी पारिएका वर्गको अधिकारको लागि हामीले संघर्ष गर्दै आईरहेको छौं । चाहे राजनितिक आन्दोलन होस् या सामाजिक आन्दोलन, सबैको संयुक्त संघर्षहरुबाट नै महिलाको संवैधानिक अधिकार सुनिश्चित भएता पनि कार्यन्वयनका लागि बनेका ऐन नियमहरु महिलाको न्यायमा पहुँचको अधिकार सुनिश्चितताको लागि पर्याप्त देखिँदैन । तसर्थ यो अभियान घोषणा गर्नु आवश्यक छ ।

**अभियानका मागहरू :**

१.बलात्कार जस्तो जघन्य अपराधको घटनामा हदम्यादको व्यवस्था खारेज गरियोस् ।

२.बलात्कारको परिभाषामा महिलाभित्रको विविधतालाई पनि समेट्ने गरि पुन:परिभाषित गरियोस् ( "महिला भन्नाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका महिलालाई पनि जनाउँदछ" भन्ने वाक्यांश थप्नुपर्ने )

३. बलात्कारबाट प्रभावित व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी, जीवन निर्वाह र समाजमा पुनर्स्थापनाको लागि राज्यले व्यवस्था गरियोस् ।

४.बलात्कारबाट प्रभावित महिला तथा किशोरीहरुलाई घटनाको अवस्था तथा गम्भियता हेरी राज्यबाट नै क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गरियोस् ।

५.बलात्कार तथा अन्य जघन्य यौन हिंसा सम्बन्धी फौजदारी अभियोगको न्यायिक निरुपणका लागी सबै अदालतहरुमा विशिष्टिकृत इजलास स्थापना गर्न र पुर्पक्षमा लाग्ने समय अवधि घटाउनका लागी बलात्कार तथा अन्य जघन्य यौन हिंसा सम्बन्धी फौजदारी मुद्दामा अनिवार्य रुपमा नीरन्तर सुनुवाईको व्यवस्था गरियोस् ।

६.बलात्कार तथा यौन हिंसाको अनुसन्धान तथा अभियोजनका लागि नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालयको समन्वय तथा सहकार्यमा न्यूनतम रुपमा जिल्लास्तरमा विशिष्टिकृत कार्यदल स्थापना गरियोस् ।

७. लिङ्ग, उमेर, जात, वर्ग, यौनिक पहिचान का कारण परिवार र समाजमा रहेको असमान शक्तिसम्बन्धमा परिवर्तन नहुँदासम्म शक्ति को आडमा गर्ने शोषण, दमन, हिंसा रहिरहने भएकोले सबैखाले विभेदको अन्त्य गरी शक्तिसम्बन्धमा रुपान्तरण गर्न जोड दिइयोस् ।

८.अपराधको ढाकछोप, अपराधीको संरक्षण गर्ने परिपाटीले अपराधीको मनोबल उच्च रहने तथा प्रभावितले सँधै पीडित हुनुपर्ने अवस्थाको को अन्त्य गर्दै कानुनको पूर्णरुपमा कार्यान्वयन गरी दण्डहीनताको अन्त्य गरियोस् ।

९.विद्यमान कानुनको व्याख्याले पीडकलाई कारवाहीको रुपमा मात्र सिमित गरेकोले प्रभावितले आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चितता सहितको न्यायको अनुभूती गर्ने वातावरण निर्माणका लागि न्यायलाई सामाजिक न्यायको अवधारणाको आधारमा व्याख्या गरियोस् ।

१०. महिलाको शरीरलाई परिवार तथा समाजको इज्जतको सवालको रुपमा मात्रै हेर्ने हानिकारक सोचले महिलामाथि हुने सबै प्रकारका हिंसामा सामाजिक मौनताको संस्कृतिलाई निरन्तरता दिएको छ । यसका लागि विभेदित सामाजिक संरचनाको संरचनागत रुपान्तरण गरी हिंसा विरुद्ध शून्य सहनशीलता सुनिश्चित गरियोस् ।

११. बलात्कार जस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय बनाई मेलमिलाप गराउने पीडित/प्रभावित लाई लाञ्छना लगाउने, डर, धम्की दिने, बसोबास गरिरहेको स्थान छोड्न बाध्य बनाउने, उजुरी लिन नै आनाकानी गर्ने, प्रभावित र परिवारलाई राजनीतिक दबाब दिने, पीडक लाई संरक्षण गर्ने जस्ता कार्यहरूलाई अपराधीकरण गरि आवश्यक कानूनको निर्माण गरियोस् र प्रभावितको लागि सुरक्षित, संवेदनशील, दीर्घकालिन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गरियोस् ।

१२. बलात्कारबाट जन्मिएका बालबालिकाहरुको आमाको नामबाट बिना कुनै झन्झट आत्मसम्मान सहितको पहिचानको सुनिश्चितता गरियोस् ।

# अभियानको आवश्यकता




राजनितिक आन्दोलन होस् या सामाजिक आन्दोलन, सबैको संयुक्त संघर्षहरुबाट नै महिलाको संवैधानिक अधिकार सुनिश्चित भएता पनि कार्यन्वयनका लागि बनेका ऐन नियमहरु महिलाको न्यायमा पहुँचको अधिकार सुनिश्चितताको लागि पर्याप्त देखिँदैन । संविधानको मौलिक हक अन्तर्गत धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ समानताको हक, धारा २१ मा अपराध पीडितको हकको व्यवस्था छ । यदि कुनै पनि प्रभावितले हदम्यादका कारण कानूनी प्रक्रियामा जान नसकेको खण्डमा संविधानले व्यवस्था गरेका मौलिक हक नै औचित्यहिन हुन पुग्दछ ।

बलात्कार प्रभवितहरुको मानसिक आघात तथा अवस्था, प्रभावित तथा पीडक बिचको शक्ति सम्बन्धका कारणले गर्दा विद्यमान कानूनी हदम्याद (घटना घटेको मितिबाट १ बर्ष) हिंसा प्रभावितहरुको न्यायीक प्रक्रियाको लागि बाधक बनेको छ। तसर्थ बलात्कारबाट प्रभावित महिलाहरुको कानूनी तथा सामाजिक न्याय सुनिश्चितताका लागि जबर्जस्ती करणीमा हदम्याद नराखी कानून संशोधन गर्न, हिंसा प्रभावितलाई राज्यले नि:शुल्क स्वास्थ्य,क्षतिपूर्ति तथा मनोसामाजिक उपचार एवम् परामर्शको व्यवस्था गर्न, सुरक्षा र पुनरुथापनाको व्यवस्था गर्न र कानूनको पुर्ण रुपमा कार्यान्वयन गरि दण्डहीनताको अन्त्यका लागि कानून निर्माणकर्ताहरु र समग्र राज्यलाई नै दवाब दिन आवश्यक छ ।

# अभियान घोषणा सभा











## प्रदेश स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम






बलात्कार विरुद्धको चौँथो राष्ट्रिय अभियान अन्तर्गत महिला मानव अधिकार रक्षकहरुको सञ्जाल, ओरेक लगायत मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुको समन्वय तथा सहकार्यमा यौन हिंसा विरुद्धको केही ऐनलाई संशोधन गर्ने विधेयकमाथि छलफल तथा अन्तरक्रिया कार्यक्रम प्रदेश नं १, मधेशप्रदेश, वाग्मती प्रदेशमा गरी ३ वटा सम्पन्न भएका छन् । सबै प्रदेश तथा स्थानीय तहमा नै गएर प्रस्तावित विधेयकमाथि छलपल गरी सम्बन्धित सरोकारवाला तहका प्रतिनिधिहरुबाट सुझावहरु संकलन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो । कार्यक्रम प्रतिनिधि सभा सदस्य माननीय विन्दा पाण्डेको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा प्रदेश सांसद, स्थानीय तहका जनप्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी नियकायका प्रतिनिधहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु, महिला मानव अधिकार रक्षक तथा मानव अधिकारकर्मीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै माननीय पाण्डेले कार्यक्रममा बलात्कारका घटनामा व्यवस्था गरिएको हदम्यादले हिंसा प्रभावितहरुलाई न्याय पहुँचमा कठिनाई सिर्जना गरेको भन्दै यससंग सम्बन्धित विभिन्न घटनाहरु प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत घटना तथा तथ्यहरूले राज्य नै पितृसतात्मक सोचबाट ग्रसित बनेको पुष्टी भएको बताउनुभएको थियो । बलात्कार जस्तो जघन्य अपराधको घटनामा हिंसा प्रभावितलाई आफुमाथि भएको घटनाबाट बाहिर आउन धेरै समय लाग्न सक्छ, त्यसैले प्रभावितले आफ्नो मनोवललाई उच्च बनाएर आफुलाई उपयुक्त लागेको जुन सुकै समयमा घटना बाहिर ल्याउन सक्छ । त्यसैले यस्ता घटनामा हदम्यादको व्यवस्था खारेज गरिनुपर्दछ भन्नेमा जोड दिनुभएको थियो । साथै कार्यक्रममा घटनाका दोषीहरुलाई कडा भन्दा कडा कारवाहीको दायरामा ल्याउनुपर्ने, अपराधीलाई राजनीतिक संरक्षण गर्न नहुने, हिंसा प्रभावितको मानसिक अवस्थालाई ध्यानमा राखेर सबै स्थानीय तहहरुमा मनोविमर्श सेवा उपलब्ध गराउनुपर्ने, द्रुत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, विभेद, हिंसा, बलात्कार जस्तो जघन्य अपराधको विरुद्धमा राजनीतिक दलहरु एक जुट हुनुपर्ने, बलात्कारका घटनामा क्षतिपुर्ति मात्र नभई परिपुरणको व्यवस्था हुनुपर्ने, साथै प्रभावित पक्ष होस्टाइल हुनुको कारणहरुको अनुसन्धान गर्नुपर्ने, केन्द्रवाट मात्रै नभई प्रदेश र स्थानीय तहबाट पनि पहल गनुपर्ने जस्ता सवालहरुको विषयमा छलफल भएको थियो । यसैगरी कार्यक्रममा सहभागि सबै सरोकारवालाहरुले बलात्करका घटनामा व्यवस्था भएको हदम्याद खारेजीको कानून निर्माण गर्नुपर्ने र निर्मित कानूनलाई कार्यविधि बनाएर प्रभावकारी कार्यान्वन गर्नुपर्नेमा जोड दिएका थिए ।

## सामाजिक सञ्जाल अभियान






बलात्कार विरुद्ध चौथो चरणको राष्ट्रिय अभियानलाई अझ व्यापक बनाउने र सम्बन्धित सरोकारवालाहरुलाई अभियानको बारेमा जानकारी दिने तथा ध्यानाकर्षण गराउने उद्देश्यले अभियान शुरुवातको अवस्था देखि नियमित रुपमा सामाजिक सञ्जाल अभियान गरिदै आएको छ । जस अन्तर्गत फेसबुक, ट्वीटर, इन्सटाग्राम मार्फत विभिन्न सन्देशमूलक सामग्री, सूचना,कविता, जानकारी, भिडियो तथा नाराहरु संम्प्रेषण गरिदै आएको छ ।

## बलात्कार बिरुद्धको राष्ट्रिय अभियान सञ्चालनका लागि अवलम्बन गरेका प्रमुख चरणहरु




### अभियानका नाराहरु

- बलात्कारको घटनामा हदम्यादको व्यवस्था खारेज गर ।
- महिलाको शरीरमाथिको कानुनी नियन्त्रण बन्द गर ।
- बलात्कारीलाई कडा भन्दा कडा सजायँको व्यवस्था गर ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसा अन्त्य गर ।
- कानुनको प्रभावकारी कार्यान्व्यन गर ।
- पीडकलाई राजनीतिक संरक्षण बन्द गर ।
- पीडितलाई अझै पीडित बनाउन पाउदैन, बलात्कारका घटनामा हदम्याद चाहिँदैन ।
- दण्डहीनताको अन्त्य गर ।
- अपराधमा मिलेमतो बन्द गर ।
- हाम्रो यौनिकता हाम्रो अधिकार ।
- बलात्कार सम्बन्धि कानूनलाई कागजमा होईन, व्यवहारमा लागु गर ।

## वैदेशिक रोजगारीबाट फर्किएका नेपाली महिलाहरुको सामाजिक पुन:एकीकरणसम्बन्धी अध्ययन प्रदिवेदनमाथिको छलफल कार्यक्रम



नेपाल सरकारको पुन:एकीकरण निर्देशिका माथि प्रकाश पार्ने तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक महिलाहरुको सामाजिक पुनर्एकीकरण सम्बन्धी अध्ययन प्रतिवेदन प्रस्तुत गर्ने उद्देश्यले २०७९ असार ३१ गते काठमाण्डौमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रम महिला पुर्नस्थापना केन्द्र ओरेक, तरंगिनी फाउण्डेसन,महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल, पौरखी नेपाल र सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको संयुक्त आयोजनामा भएको थियो । कार्यक्रममा वैदेशिक रोजगार बोर्ड, राष्ट्रिय मानव अधिकार आयोग, मानव बेचखिन अनुसन्धान ब्यूरो, सामाजिक विकास विभाग, काठमाण्डौँ महानगरपालिका लगायतका सरकारी निकाय तथा विभिन्न गैर सरकारी निकाय, पत्रकार, अध्ययन तथा अनुसन्धानकर्ता, विद्यार्थी लगायत गरि ५८ जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठले श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयले भर्खरै पास गरेको पुन:एकीकरण निर्देशिका प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतीको क्रममा श्रेष्ठले पुनर्एकीकरण सम्बन्धी नेपालको संविधानलगायतमा भएका कानूनी व्यवस्थाहरुको बारेमा बताउँदै पुन:एकीकरणको महत्व, प्रक्रिया, कार्यान्वयनको निकाय सम्बन्धी प्रकाश पार्नुभएको थियो । साथै कार्यक्रममा पौरखी नेपालका संस्थापक तथा सल्लाहकार मञ्जु गुरुङ्गले नेपाली महिलाको स्वदेश फिर्ती र पुन:एकीकरणको अनुभवलाई आत्मसाथ गर्दै सिकाइहरुलाई फिर्ती र पुन:एकिकरणको नीति कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउने ध्येयले १४८ जना वैदेशिक रोजगारीबाट फर्र्किएका महिलाहरुसँग गरिएको अध्ययन प्रस्तुत गर्नुभएको थियो । सो अध्ययनले मोरङ्ग, सूनसरी, कैलाली र उदयपुर जिल्लाका १०० जना, गण्डकी र मधेश प्रदेशको ३६ जना र काठमाडौँको दक्षिणकाली र तारकेश्वर नगरपालिकाको ४८ जना वैदेशिक रोजगारीबाट फर्केका महिलाहरुसंग लिएको अन्तवार्ता समेटिएको थियो । यस अध्यनमा पुन:एकिकरणका विभिन्न पक्ष जस्तै सामाजिक र आर्थिक पुन:एकिकरण, श्रम र गतिशीलतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा भएका विभिन्न सन्धी महासन्धी तथा नीतिकार्यक्रम र तिनीहरुको कार्यान्वयनको अवस्था, वैदेशिक रोजगारमा जाने महिलाहरुको लागि वृहत कार्यक्रम र माहामारी अघि र पछि महिलाहरुले स्वदेश फिर्तीको क्रममा समाजको व्यवहारको अध्ययन, विश्लेषण गरि सुझाबहरु समेत दिइएको थियो ।

## महिला तथा किशोरीहरुको सवाल सम्बाोधनका लागि जनप्रतिनीधिहरुसँग अन्तरक्रिया कार्यक्रम

ओरेक र किशोरी अधिकार मञ्च, कपिलवस्तु तथा रुपन्देहीको आयोजना, एवं महिला तथा बालअधिकार जिल्ला सञ्जाल र महिला मानव अधिकार रक्षकहरुको जल्ला सञ्जालसंगको सहकार्यमा महिला तथा किशोरीहरुको सवाल सम्बोधनका लागि रुपन्देही र कपिलवस्तु जिल्लाका पालिकाका नवनिर्वाचित जनप्रतिनीधिहरुसँग अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा ओरेकले आफ्नो प्रस्तुतीकरण राख्दै, नव निर्वाचित जनप्रतिनिधिहरुले सबै पालिकामा लैंगिक हिंसा निवारण कोषलाई कार्यान्वयनमा ल्याउनुपर्ने, स्थानीय योजना तर्जुमा तथा कार्यन्वयन प्रकृयामा महिला तथा किशोरीहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने, तथा लैंगिक समानता नीति निर्माण गरि सोही अनुरुपका कार्यक्रमहरु लागु गर्नुपर्ने जस्ता मागहरु राखेको थियो । साथै किशोरी अधिकार मञ्चको तर्फवाट आफ्ना भनाइहरु राख्दै किशोरीहरुले निर्णायक तहमा किशोरीहरुको अर्थपूर्ण सहभागिता र स्व निर्णयको अधिकार सुनिश्चितताको लागि पालिकामा विभिन्न अभियान सञ्चालन गरिरहेको र उक्त अभियानमा जनप्रतिनिधिहरुले साथ दिनुपर्ने बताएका थिए । यसैगरी कार्यक्रमकै क्रममा जनप्रतिनिहिरुले महिला तथा किशोरीहरुको सवालहरु सम्बोधनका लागि नीति तथा कार्ययोजना निर्माण गर्नुपर्ने र सोही अनुरुप बजेट विनियोजन गरी अगाडी बढ्नुपर्नेमा जोड दिँदै यस्ता सवालहरु संवोधनका लागि हरदम तयार रहेको जनाएका थिए । साथै स्थानीय तहको क्षेत्राधिकारमा पर्ने हरेक विषयलाई आफूहरुले प्राथमिकतामा राखेर काम पर्ने प्रतिबद्धता जनाएका थिए ।



> "समाजमा महिला र किशोरीलाई हेर्ने दृष्टिकोण परिवर्तन जरुरी रहेको र त्यसका लागि आगामी दिनमा सामाजिक संघसंस्थासँग सहकार्य गरेर थप कार्यक्रमहरु गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।
>
> **जागेश्वरी देवी चौधरी, उपप्रमुख, तिलोत्तमा नगरपालिका**

> "समाजमा महिला हिंसाका घटनाहरु बढ्दै गइरहको र यसले भोलिको भविष्यका रुपमा रहेका किशोर किशोरीहरुको बृद्धि, विकासमा समेत असर परेको भन्दै हिंसा नियन्त्रणका लागि पालिका सँधै तत्पर रहेको बताउनु भएको थियो ।
>
> **विष्णुप्रसाद बश्याल, अध्यक्ष, शुद्धोधन गाउँपालिका**

# जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसको अवसरमा दलित समुदायको अर्थपुर्ण सहभागिता, सवाल पहिचान र सम्बोधन बिषयमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम



ओरेक, दलित महिला संघ (फेडो) गैर सरकारी संस्था महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाको संयुक्त आयोजनामा मिति २०७९/०२/२७ गते उदयपुर जिल्लामा दलित समुदायको अर्थपुर्ण सहभागिता, सवाल पहिचान र सम्बोधनका विषयमा सरोकारवाला निकायसंग अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ । जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसको सन्दर्भमा नवनिर्वाचित दलित महिलाहरुलाई शुभकामना तथा उनीहरुका सवाल पहिचान गरी सम्बोधनका बिषयमा छलफल गरी योजना निर्माण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा उपस्थित दलित जनप्रतिनिधिहरुले दलित भएकै कारणले दैनिक जीवनमा भोग्नु परेको विभेदहरु प्रस्तुत गर्दै छुवाछुत तथा विभेद नियन्त्रणका लागि गाउँ गाउँमा सचेतनामूलक गतिविधिहरु सञ्चालनमा जोड दिनुपर्नेमा बताएका थिए ।

## दलित जनप्रतिनीधिहरुको भोगाई :

- चुनावको समयमा सबैले खाना खुवाउने पालो पालो भएका कारण दलित महिला सदस्यको पालोमा दलितको घरमा नपकाई अन्य कथित उपल्लो जातकोमा पकाउन लगाएको ।
- पसलहरुमा चिया खाँदै गरेको स्थानमा अर्को बेन्चमा बस्दा बेन्च बेन्च छुइदा पनि खाइरहेको चिया छोडेर हिड्ने ।
- ईनारमा पानी लिन जाँदा छुईन्छ भनेर अलग्ग बस्नुपर्ने, कथित ठुलो जातकाले पानी भरे पछि मात्र पालो कुरेर पानी भर्नुपर्ने ।
- टोलविकास संस्थामा सचिव पदमा दलित महिला हुँदा उक्त सबै टोलविकासका व्यक्तिहरु बनभोज जाने कार्यक्रममा भान्से भएका कारण तिन बर्ष देखि बनभोज कार्यक्रमनै आयोजना नगरेको ।
- नवनिर्वाचित जनप्रतिनीधि हुदै गर्दा बधाई तथा शुभकामना कार्यक्रमको आयोजनामा अरुलाई टिका लगाईदिने र दलित महिलालाई टिका लगाईदिने पालो आए पछि टिकै नलगाई दिई हिड्ने खाना खाँदा छोइन्छ भनेर नखाई हिड्ने गरेको ।



“समाजमा दलितले भोग्दै आएका समस्याका विषय धेरै छन् र यसलाई न्यूनीकरण गर्नका लागि सरोकारवालाहरु सबै एक भई अभियान सञ्चालन गरि टोलटोलमा सचेतना कार्यक्रम गर्न आवश्यक रहेको बताए । पितृसत्तात्मक संरचना तथा जातिय विभेदका कारण दलित महिलाहरुले अझै बढी विभेद र हिंसा खेप्न बाध्य रहेकाले समाज रुपान्तरणका लागि निरन्तर अभियान सञ्चालन गर्दै नीतिगत तहमा पनि दलित महिलाहरुको सवाल सम्बोधनका लागि पैरवी गर्नुपर्ने आजको आवश्यकता रहेको बताए ।

खड्ग परियार, जिल्ला समन्वय समितिका, प्रमुख

## दाङ्ग जिल्लामा रहेका १० वटै पालिकाहरुमा लैङ्गिक मैत्री बजेट विनियोजनकालागि समन्वय बैठक तथा छलफल कार्यक्रम



ओरेक दाङ्ग र महिला मानव अधिकार रक्षक जिल्ला संजालको संयुक्त आयोजनामा तुलसीपुर उपमाहानगरपालिका, शान्तनगर, बवई, दंगीशरण, राजपुर, गधवा गाउँपालिका एवम् लमही नगरपालिकामा नवनर्वाचित प्रमुख तथा उपप्रमुखहरु संग छलफल गरि लैङ्गिक मैत्री बजेट विनीयोजनका लागि सुझाव तथा योजना पेश गर्ने र नबनिर्वाचित जनप्रतिनिधिहरु संग लैङ्गिक हिंसाको सवालामा छलफल गर्ने उद्देश्यले दाङ्ग जिल्लाको १० वटा पालिकामा समन्वय बैठक कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा १० वटा पालिकाका प्रतिनिधहरु र महिला अधिकारकर्मीहरु सहित जम्मा १२५ जना सहभागिता रहेको थियो । छलफलका क्रममा दाङ्ग जिल्लामा लैङ्गिक हिंसाको घटनाहरु बढ्दै गएको अहिलेको अवस्थामा लैङ्गिक हिंसा मुक्त पालिका निर्माणको लागि लैङ्गिक मैत्री बजेट विनियोजन हुनुपर्दछ भन्ने सुझाव दिँदै महिला मानव अधिकार रक्षकहरुले कार्यक्रम सहितको योजना समेत पेश गरेका थिए ।

## बाल विवाह विरूद्धको साझा अभियान सञ्चालन

रुकुम जिल्लामा बालविवाहको घटना बढ्दो अवस्थामा छ । कानूनी रुपमा बालविवाहलाई दण्डनीय मानेपनि यस्तो विवाहलाई परिवार तथा समाजले सहज रुपमा स्वीकार गर्दै आइरहेका छन् । पहिलेको अवस्थामा अभिभावकले बालविवाह गर्ने प्रचलन थियो भने अहिले बालबालिकाहरुले आफै प्रेम विवाह गर्ने चलन बढ्दो अवस्थामा छ । बालविवाहकै कारणले समाजमा थुप्रै किसिमका लैङ्गिक हिंसाहरु बढी रहेको पनि देखिन्छ । यही अवस्थालाई मध्यनजर गर्दै रुकुम जिल्लामा ओरेक लगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने ११ वटा संघ संस्थाको संयुक्त आयोजनामा बालविवाह बिरुद्धको साझा अभियान शुरुवात भएको छ । रुकुम जिल्लाको ६ वटै पालिकामा बालविवाह बिरुद्धको सञ्जाल गठन गर्ने र त्यही सञ्जाल मार्फत समुदाय तहमा बालबाविवाह यसले बालिका तथा किशोरीको स्वास्थ्य तथा व्यक्तित्व विकासमा पार्ने असर, यस सम्बन्धी कानुनी व्यवस्था लगायतका विषयमा सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्ने र स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुसंग छलफल तथा पैरवी गर्ने योजना यस अभियान अन्तर्गत गरिएको छ । २०७९ असार देखि शुरुवात गरिएको यस अभियान १ वर्षसम्म सञ्चालन हुनेछ ।



## वैदेशिक रोजगारबाट फर्केर आएका महिलाहरुको समुह गठन



ओरेकको सहजीकरणमा सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिकामा १५ जना वैदेशिक रोजगारबाट फर्केर आएका महिलाहरुको सहभागितामा समूह गठन भएको छ । वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुको समस्या, उनीहरुमाथि हुने हिंसा र संवोधनका लागि स्थानीय तह तथा सरोकारवाला निकायहरुसंग सामुहिक रुपमा आवाज उठाई पैरवी गर्ने उद्देश्यले यस समुहको गठन गरिएको हो । कार्यक्रममा बराहक्षेत्र नगरपालिका २ का नबनिर्वाचित जनप्रतिनिधि चुनु श्रेष्ठले समुदायमा बैदेशिक रोजगारबाट फर्केर आएका महिलाहरुले वडा, पालिकाबाट सीपमूलक तालिम र अन्य स्रोतमाथि आफ्नो पहुँच नभएको र त्यसले गर्दा दैनिक जीविकोपार्जनमा समेत समस्या भएको बताउनु भएको छ । तसर्थ आगामी दिनमा सबै महिलाहरुलाई संगै समेटेर अघि बढ्ने र सोही अनुरुपको योजना निर्माण गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो ।

## लैङ्गिक समानता तथा सामाजिक सावेशीकरण परीक्षण



ओरेकको सहजीकरणमा चन्द्रागिरी नगरपालिकाले आ।व। २०७७/०७८ मा लिइएको नीति तथा कार्यक्रम एवम् संचालित गतिविधिबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा पु¥याएको योगदानको मूल्यांकन गर्ने र आगामी दिनमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रम र संचालन गर्नुपर्ने गतिविधिको आवश्यकता पहिचान गर्ने कार्यमा सघाउ पु¥याउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit)२०७८ सम्पन्न भएको छ । उक्त प्रतिवेदन ओरेकको सहकार्यमा सम्पन्न गरी चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरी लाई हस्तान्तरण गरिएको छ । परिक्षण मार्फत पालिकाको संस्थागत संरचना नीति, बजेट कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अन्तर विश्लेषण गर्ने र पहिचान भएका अन्तरहरुको सम्बोधन गर्न लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरणका लागि आवश्यक रणनीति तयार गरी कार्य गर्ने, सबै कार्यक्रम योजना र आयोजनाको प्रत्येक चरणमा अनुगमन र मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने साथै परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने र भावी योजना र कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने भन्ने उक्त परीक्षणको उद्देश्य रहेको छ ।

## विगत ३ महिनामा सम्बन्धित सरोकारवालाहरुलाई ध्यानाकर्षण गर्ने उद्देश्यले विभिन्न सवालसंग सम्बन्धित जारी गरिएको प्रेस विज्ञप्ती/माग पत्र/ध्यानाकर्षण पत्र

Regd. No.: 392/047/048

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
Women's Rehabilitation Center (WOREC)

मिति :-२०७९-०२-१६

**नेपाल सरकारको नीति तथा कार्यकम २०७९/८० : केही सकारात्मक पक्ष तर लैगिक तटस्थ**

महिला पुर्नस्थापना केन्द्र (ओरेक) ले नेपाल सरकारले ल्याएको नीति तथा कार्यक्रम २०७९/८० लाई लैंगिक दृष्टिकोणबाट विश्लेषण गरेको छ। बिश्लेषण गर्दा केहि पक्षहरु सकारात्मक देखिएता पनि समग्र निती तथा कार्यकम लैगिक रुपमा तटस्थ देखिन्छ।

सरकारले ल्याएको नीति तथा कार्यकमा देखिएका सकारात्मक पक्ष जस्तै : अति विपन्न, दलित, लोपोन्मुख र सिमान्तिकृतका लागि किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउने, पाठेघरको मुखको क्यान्सरको निःशुल्क स्किनिङ् सेवा सञ्चालन गरिने, किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिइने, स्तन क्यान्सर निदान एवम् उपचारलाई सहज र सुलभ वनाउन विशेष कार्यक्रम ल्याइने, संसदमा विचाराधिन नागरिकता विधेयकलाई सहमतीको आधारमा छिट्टै टुंगोमा पुऱ्याउने, सत्य निरुपण, पीडितलाई न्याय, परिपुरण र मेलमिलापका समग्र पक्षलाई सम्बोधन गर्दै शान्ती प्रक्रियाका बाँकि कामलाई टुंगोमा पुऱ्याउने, आधुनिक सुचना प्रविधिको प्रयोग गरी प्रवासमा रहेका नेपालीलाई निर्वाचनमा सहभागि गराउन आवश्यक व्यवस्था गर्ने, आर्थिक समृद्धि सहितको सामाजिक न्याय हाँसिल गर्ने, श्रमको सम्मान र मर्यादित श्रम सहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिने, महिला, बालबालिका, जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति एवम्, लैंगिक तथा यौनिक अल्पसंख्यकको हित, संरक्षण र समस्या संबोधन गर्न प्रदेश र स्थानीय तहको सहकार्यमा जिल्ला स्तरमा समन्व्य इकाइको प्रवन्ध गरिने, राज्यका आधारभुत तहमा महिला र दलितको समानुपातक प्रतिनिधित्व सुनिश्चित गरिने, महिला र यौनिक तथा लैंगिक अल्पसंख्यकहरु विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दूर्व्यवहार र भेदभाव अन्त्य गर्दै लैंगिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्ने नीति लिइने, हिंसा पीडितको तत्काल उद्धार, पुनर्स्थापना र परिवारमा पुनः एकिकरण तथा आर्थिक शसक्तिकरणलाई थप प्रभावकारी बनाइने, बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई सिप अनुसारको व्यवसाय सञ्चालन र रोजगार सिर्जना गरी समाजमा पुनःएकिरण गर्ने नीति लिइने, सबै श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लैजाने, जस्ता पहलहरु स्वागतयोग्य छन् ।

यद्यपि नीति तथा कार्यम्रममा लैंगिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्ने भनिएतापनि सो गर्नका लागि आवश्यक संयन्त्र, सुचक र सोहि अनुरुपको कार्यकम भने उल्लेख गरेको पाईएन। त्यसैगरि महिला, दलित तथा सिमान्तकृत समुदायको समानुपातक प्रतिनिधित्व जुन संवैधानिक रुपमा प्रदत्त छ। तरपनि पितृसत्तात्मक संरचना रहेको हाम्रो समाजमा महिलाको नेतृत्वलाई स्वीकार गर्न नसकेकै कारणले यसपालिको निर्वाचनमा महिलाहरुको उम्मेदवारी घटेको देखिन्छ । तसर्थ संरचनात्मक विभेदलाई चुनौती दिंदै महिलाको समानुपनतिक प्रतिनीधित्वलाई सुनिश्चित गर्न कुन नीति र कार्यकम अवलम्वन गरेर अगाडि बढ्ने भन्ने प्रस्ट उललेख छैन ।

बैदेशिक रोजगारिमा जान लागेका र गएका महिलाहरुलाई परिवार, समाज र राज्यले हेर्ने दृष्टिकोण बिभेदकारी छ। राज्यले सुरक्षाको नाममा विभिन्न कानुन बनाएर महिलाको रोजाइको काम र गतिशिलतामा नियन्त्रण भएरहेको छ भने फर्कर आएकाहरुलाई परिवार र समाजले विभिन्न चारित्रिक आरोप लगाउने र घर समाजबाटै बहिष्कार गरेका घटनाहरु प्रसस्त छन्। यस्तो अवस्थमा राज्यको नीति तथा कार्यकामले यस्ता महिलाहरुको बिशेष सबाल र आवस्यकतालाई संबोधन गरेको पाइएन ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

महिला अधिकार तथा सामाजिक न्यायमा आधारित दिगो विकासको प्रवर्द्धनका लागि जुटौं ।

नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८० लाई विश्लेषण गरी जारी गरिएको प्रेस विज्ञप्ती

Regd. No.: 392/047/048

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
Women's Rehabilitation Center (WOREC)

मिति : २०७९/०३/०५
च.नं : ०७८/७९ /३३०

**द्वन्द्वमा यौन हिंसा प्रभावित महिलाहरुको न्यायीक उपचारका लागि ध्यानकर्षण पत्र**

द्वन्द्वको सन्दर्भमा हुने यौन हिंसा अन्त्य गर्नका लागि जनचेतना अभिवृद्धि गर्न, द्वन्दसंग सम्वन्धित यौन हिंसा प्रभावितहरुलाई सम्मान गर्न र यस्ता अपराधका विरुद्ध लड्ने सम्पूर्णलाई सम्मानका साथै न्यायको लागि आफ्नो जीवन गुमाएकाहरुलाई श्रद्धाञ्जली अर्पण गर्न युयन सूरक्षा परिषद ले सन् २०१५ देखि द्वन्दमा यौन हिंसाको अन्त्यका लागि अन्तराष्ट्रिय दिवस मनाउन सुरु गऱ्यो । युयन सूरक्षा परिषद्ले जुन १९ मा युद्धकालमा हुने यौन हिंसालाइ भत्सर्ना गर्दै यसलाई अन्तराष्ट्रिय सुरक्षाको विषय वनाउने प्रस्ताव पारित गरेको थियो। र सोही क्रममा नेपालले पनि यो दिवस मनाउन थाल्यो ।

सन् २००६ मा राज्य र तत्कालिन बिद्रोही पक्ष बीच भएको शान्ति सम्झौतासंगै द्वन्द्वको अन्त्य भएता पनि द्वन्द्व प्रभावितहरु न्याय, सत्य र परिपुरणको पर्खाइमै छन्। द्वन्द्वको समयमा नेपालमा मानव अधिकार उलंघनका घटना जस्तै जवर्जस्ति वेपत्ता पारिएका,हत्या, अवैध हिरासत, यौन हिंसा र यातना जस्ता गम्भीर केशहरु व्याप्त थिए। जसमा महिला तथा वालिकाहरु एकदमै जोखिम समूहमा रहेका थिए। राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवेदन अनुसार महिला र किशोरी विरुद्ध यौन हिंसा व्यापक रुपमा फैलिएको थियो र मुख्य गरेर १६ वर्ष भन्दा मूनिका किशोरीहरु विशेष जोखिममा थिए। गर्भवती, अपाङ्गता भएका महिलाहरु समेत वलात्कार, सामुहिक वलात्कारमा परेका थिए। यसरी धेरै महिला र किशोरीहरुले द्वन्द्वको समयमा यौन हिंसा खेपेको भएता पनि ती केशहरुको सामाजिक लाल्छना, असुरक्षा, सम्वेदनशील सेवाको अभावका कारण रिपोर्ट गरिएका छैनन् ।

नेपाला आज द्वन्द सकिएको १६ वर्ष हुँदा पनि प्रभावितले न्याय पाउन सकेका छैनन्। नेपालको अन्तरिम संविधान २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात् गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराधसम्वन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिका बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन आयोग गठन गरेको छ। तर बेपत्ता परिएका व्यक्तिको छानविन, सत्य निरुयण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा रहेका विभिन्न प्रावधानहरुले उक्त उद्देश्य बिपरित भई दण्डहिनतालाई थप पश्रय दिएको देखिन्छ। सोही विषयमा यस अघि सर्वोच्च अदालतले उक्त ऐनको दफा २६ मा क्षमादान सम्वन्धि प्रावधानले मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराध समेतलाई क्षमादान प्राप्त हुने सम्भावना रहेको धारण व्यक्त गर्दै द्वन्द्वका वेला भएका बलात्कार, हत्या, अपहरण, व्यक्ति वेपत्ता पार्ने काम,यातना र आगजनीका घटनाका दोषीलाई आममाफी/क्षमादान नदिने गरी कानुन संशोधन गर्न आदेश दिएको थियो भने संक्रमणकालिन न्यायका अन्य विषयलाई समेत सम्वोधन गर्न पटक पटक सुझाव दिंदै आएको छ तर अहिले सम्म पनि सम्मानित सर्वोच्च अदालतको फैसला वमोजिम कानून संसोधनको प्रक्रिया अगाडि वढेको छैन ।

ओरेकले द्वन्द्वकालदेखिनै द्वन्द्व प्रभावित समुदाय, विशेषगरी महिला र किशोरीहरुको न्याय, सुरक्षा र अधिकारको सुनिश्चितता र सामजिक पुनर्स्थापनाका लागि अभियान संचालन गर्दै आइरहेको छ। तसर्थ ओरेक द्वन्दकालमा यौनजन्य र अन्य हिंसा भोगेका महिला र अन्य वर्गलाई यथाशिघ्र न्यायको लागि सरकारलाई निम्न बुँदा सहित ध्यानकषर्ण गराउँदछ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

द्वन्द्वमा यौन हिंसा प्रभावित महिलाहरुको न्यायीक उपचारका लागि गरिएको ध्यानाकर्षण

## बलात्कार विरुद्धको चौथो राष्ट्रिय अभियान घोषणा

***"कानूनी तथा सामाजिक न्यायको अधिकार : हिंसा रहित समाजको आधार "***

Stop Rape
Respect Women | Demand Justice

***प्रेस विज्ञप्ती***

मिति २०७० सालमा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजाल, ओरेक लगाएत ३५ भन्दा बढि संघसंस्थाहरुको संयुक्त सहभागीतामा **बलात्कार बिरुद्धको राष्ट्रिय अभियान** सञ्चालन भएको थियो । दुई चरणमा सञ्चालन गरिएको उक्त अभियानले "द्वन्द्वकालमा यौन हिंसा प्रभावित महिलाहरुको न्यायमा सुनिश्चितता : सरकारको जवाफदेहिता" भन्ने मुख्य नाराका साथ दोस्रो चरणको अभियान सम्पन्न गरेको थियो । त्यसैगरि २०७७ कार्तिक देखि पोष महिनासम्म तेस्रो चरणको बलात्कार विरुद्धको अभियान **"मौनता तोडौं" - बलात्कार र लैङ्गिक हिंसा विरुद्ध बोलौं"** भन्ने मुल नारा सहित बलात्कार तथा लैंगिक हिंसाका बारेमा सचेतना, हिसा नुहने बातावरण, प्रभावितको सामाजिक न्याय तथा कानूनी न्यायको अधिकार सुनिश्चितताको बातावरण निर्माण गर्न दवावमुलक क्रियाकलापसहित सम्पन्न भएको थियो । विभिन्न चरणमा सम्पन्न भएका यी अभियानहरुको प्रभावले गर्दा बलात्कारको घटनाको कानूनी हद म्याद एक बर्ष, बलात्कारका घटनाको निरन्तर सुनुवाई, द्रुत न्याय प्रणाली, देवानी तथा फौज्दारी संहिताले बलात्कार सम्बन्धि परिभाषा लगाएत कानूनी व्यवस्थामा पनि परिमार्जन गरि नीतिगत व्यवस्था भएको छ । यद्यपी समाजमा महिला तथा बालिका माथि हुने हिंसा र बलात्कारका घट्नाहरु अन्त्य हुने अवस्थामा अझ पनि ठूलो खाडल देखिन्छ ।

गत ३ महिनामा (चैत्र, बैशाख, जेष्ठ, २०७९) ओरेकमा संकलन भएको जम्मा ५९० बटा महिला हिंसाको घट्नालाई हेर्दा १३२ बटा यौन हिंसाका घटनाहरु रहेका छन् । यी मध्ये ७१ बटा बलात्कार र १६ बटा बलात्कारको प्रयासका घट्ना रहेको तथ्याकंले देखाउँछ । त्यसैगरि नेपाल प्रहरीको २०७७/७८ को तथ्याकंलाई विश्लेषण गर्दा दैनिक औसत ७ बटा बलात्कारका घटनाको उजुरी परेको देखिन्छ ।

यी त बाहिर खुलेर आएका प्रतिनिधि मूलक घटनाहरु मात्र हुन् । हिंसा प्रभावितहरुलाई नै हिंसाको जिम्मेबार ठान्ने, महिलाको शरीरलाई परिबार र समाजको इज्जतसँग जोड्ने प्रवृत्ति, घटनाको कारण मानसिक रुपमा विक्षिप्त हुने र उजुरीमा आएका घटनामा न्यायमा पहुँचमा कठिनाई जस्ता कारणले हिंसा प्रभावितहरुले सहज रुपमा आफू विरुद्ध भएको अन्याय तत्काले बाहिर ल्याउन सक्ने बातावरण छैन । त्यसमा पनि विशेष गरी बलात्कार जस्तो जघन्य अपराधमा हदम्यादको दायरा र प्रभावित केन्द्रित प्रणलिको अभावका कारणले हिंसा प्रभावितहरुको न्यायिक उपचारको बाटो अवरुद्ध भएको वास्तविकता हाल देखिएका विभिन्न घट्नाक्रमले पुष्टि गर्दछ । जसले गर्दा एकातिर पीडकहरुले सहज उन्मुक्ति पाएको अवस्था छ, भने प्रभावितहरुको न्यायिक उपचारको मौलिक हक कुण्ठित भई दण्डहिनता मौलाएको छ ।

नेपालको महिलाबादी आन्दोलनले विभिन्न कालखण्डमा महिला तथा अन्य पछाडी पारिएका बर्गको अधिकारको लागि संघर्ष गर्दै आईरहेको छ । चाहे राजनितिक आन्दोलन होस् या सामाजिक आन्दोलन, सबैको संयुक्त संघर्षहरुबाट नै महिलाको संवैधानिक अधिकार सुनिश्चित भएता पनि कार्यन्वयनका लागि बनेका ऐन नियमहरु महिलाको न्यायमा पहुँचको अधिकार सुनिश्चितताका लागि पर्याप्त देखिंदैन । संविधानको मौलिक हक अन्तर्गत धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ समानताको हक, धारा २१ मा अपराध पीढितको हकको व्यवस्था छ । यदि कुनै पनि प्रभावितले हदम्यादका कारण कानूनी प्रक्रियामा जान नसकेको खण्डमा संविधानले व्यवस्था गरेका मौलिक हक नै औचित्यहिन हुन पुग्दछ । साथै महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मुलन समितिले (CEDAW Committee) छैठौं आवधिक प्रतिवेदन २०१८ मा नेपाल सरकारलाई दिएको निस्कर्षात्मक सुझावमा महिला तथा किशोरीलाई बिभेद गर्ने सबै कानूनी प्रावधानहरुलाई खारेज गर्न सुझाव दिएको छ । त्यसैगरि सोही प्रतिवेदनमा बलात्कार तथा सबै प्रकारका यौन हिंसाका घटनामा व्यवस्था गरिएको हदम्यादका कारण हिंसा प्रभावितहरु न्यायीक उपचारबाट बञ्चित हुनुपरेको र यसले दण्डहिनतालाई प्रश्रय दिएकोमा चासो व्यक्त गरेको छ ।

बलात्कार विरुद्धको चौंथो राष्ट्रिय अभियान घोषणा सम्बन्धी जारी गरिएको प्रेस विज्ञप्ती

## महिला पुनर्स्थापना केन्द्र (ओरेक)
**Women's Rehabilitation Center (WOREC)**

**मिति: २०७९/०३/२६**

**प्रेस विज्ञप्ती**

ट्राफिक प्रहरीले सवारी साधनमा लेखिएका अश्लील, अपाच्य, गाली, कानूनविपरित तथा सामाजमा विकृति ल्याउने खालका सायरी, कविता, गजल तथा विभिन्न भनाइहरु प्रति ध्यानाकर्षण भई उक्त कार्यलाई हटाउने वा मेट्न लगाउने गरी अभियान सञ्चालन गरेको उक्त पहललाई महिला पुनर्स्थापना केन्द्र (ओरेक) हार्दिक स्वागत गर्दछ । महिला, बालबालिका,सीमान्तकृत समुदायलाई अपमान र अवहेलना गर्ने गरी लेखिएको कविता, सायरी वा कुनै पनि प्रकारका सामग्री तथा अश्लील र द्विअर्थी भनाइहरू प्रसारित गर्नु महिला तथा किशोरीहरुमाथि हुने हिंसा हो । महिलालाई मनोरञ्जनको साधनको रुपमा लिने, महिलाको शरीर तथा यौनिकतलाई नियन्त्रण गर्ने पितृसत्तात्मक सोचका कारण कानूनविपरीत गरिएका यस्ता कार्यहरुले स्वतन्त्र, सुरक्षित र हिंसा रहित बातावरणमा बाँच्न पाउने अधिकारबाट बञ्चित गरिएको छ ।

ओरेकले आफ्नो स्थापना कालदेखि नै महिला तथा किशोरी माथि हुने हिंसा मानव अधिकार हननको सवाल हो भन्ने मान्यताका साथ महिला हिंसा विरुद्धको अभियान संचालन गर्दै आएको छ ।

महिला तथा किशोरीहरुमाथि सार्वजनिक यातायातमा इच्छा विपरित हरेक यौनिक गतिविधिहरु जस्तै आफुलाई असहज लाग्ने छुवाइ, हेराई, हाउभाउ, जिस्काउने, आँखा झिम्क्याउने, अश्लील शब्द प्रयोग गर्ने, सार्वजनिक यातायातमा भाडा लिंदा वा दिंदा महिलालाई जथाभाबी छुने, यौनजन्य सामाग्री देखाउने, बलात्कार र बलात्कारको प्रयास गर्ने जस्ता गतिविधिहरु हुने गरेका छन् । ओरेकले ३२१ जना महिला तथा किशोरीलाई समेटेर गरेको एक अध्ययनमा सबैभन्दा बढी ४० प्रतिशतले सार्वजनिक यातायातमा आफुमाथि हिंसा भएको प्रतिक्रिया दिएका छन् । तर यस्ता घटनाहरु न्यून संख्यामा मात्रै कानूनी प्रकृयामा आउने गरेको र आएता पनि प्रमाणको भार हिंसा प्रभावित मै हुने र सार्वजनिक स्थलमा भएका हिंसाका पीडकहरु प्राय अपरिचित भएका कारण प्रमाण जुटाउन कठिनाई रहेको कारणले धेरै हिंसा प्रभावितले आफुमाथि हुने हिंसालाई बाहिर ल्याउन चाहदैनन् ।

महिला विरुद्धका हिंसाका घटनामा भएका कानूनहरुको प्रभावकारी कार्यान्वयन नहुनु, समुदायमा कानूनको अनभिज्ञता वा कम जानकारी, न्याय प्रणाली लैङ्गिक उत्तरदायी र संवेदनशील हुन नसक्नु, कानून कार्यन्वयन गर्ने निकायहरुको लैङ्गिकता प्रतिको सम्वेदनशीलतामा कमी, सार्वजनिक स्थानमा हुने महिला विरुद्धको हिंसाका घटनालाई सामान्यीकरण गरिने परिपाटि, हिंसाका सम्बन्धमा महिलाले भोगेका भोगाईहरुलाई न्याय सम्पादन गर्ने क्रममा मान्यता नदिइने जस्ता कुराहरुले गर्दा हिंसा प्रभावितहरुको न्यायीक प्रकृया अझै सहज छैन ।

तसर्थ यस्ता संरचनागत अवरोधहरुलाई चिर्दै सार्वजनिक स्थानमा हुने महिला विरुद्धको हिंसालाई सम्बोधन गर्न बनाईएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीतिगत एवम् कानूनी प्रावधानहरुको प्रभावकारि कार्यान्वयन र आफ्नु मातहतका विभाग र निकायमा हिंसा प्रभावित महिलाहरुको लैङ्गिक उत्तरदायी सेवालाई प्रवर्द्धन गर्ने र सम्बन्धित जिम्मेवार व्यक्तिको लैङ्गिक उत्तरदायी सेवालाई उसको कार्य सम्पादन संग जोड्रेर मुल्यांकन गर्ने परिपाटीको विकास गर्न समेत हामी अनुरोध गर्दछौं ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

**महिला अधिकार तथा सामाजिक न्यायमा आधारित दिगो विकासको प्रवर्द्धनका लागि जुटौं ।**

ट्राफिक प्रहरीले सवारी साधनमा लेखिएका कानूनविपरित तथा सामाजमा विकृति ल्याउने खालका सायरी, कविता, गजल तथा विभिन्न भनाइहरु प्रति ध्यानाकर्षण भई उक्त कार्यलाई हटाउने वा मेट्न लगाउने गरी अभियान सञ्चालन गरेकाले उक्त पहललाई हार्दिक स्वागत गर्दै महिला तथा किशोरीमाथि हुने यस्ता स्वरुपमा हिंसा नियन्त्रणका लागि ऐक्यबद्ध भएर सहकार्य गर्ने प्रतिवद्धता सहित जारी गरिएको प्रेस विज्ञप्ती

**प्रेस बिज्ञप्ती**

२०७९ बैसाख १९ गते राती पुर्वि रुकुमको पुथा उत्तरगंगा गाउँपालिका वडा न. ११ मा भएको राजनैतिक बिबाद र झडप पछि हराईरहेकि सोहि ठाउँकि ३९ बर्षिया दुधि भनिने जुनमाया बुढाको २०७९ बैसाख २६ गते जंगलमा शव भेटिएको प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । मृतक दुधि भनिने जुनमाया बुढा प्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछौ । राजनितिक झडपको चपेटामा परेर हराईरहेकि महिलाको जंगलमा लाश भेटिनु र त्यो घटना राजनिति बिबाद संग पनि जोडिनुले थप आसंका पैदा भएको हो । प्रहरीको प्रारम्भीक अनुसन्धानले समेत घटनालाई हत्या तर्फ देखाएको छ । मान्छेको स्वतन्त्रता पुर्वक बाच्न पाउने अधिकार खोसिएको हो भने त्यो पाशविक हो । प्रहरी र अनुसन्धानकर्ताले उक्त घटनाको सत्य तथ्य छानबिन गरि यतार्थता बाहिर ल्याउन र हत्या नै हो भने हदै सम्मको कानुनी कार्वाहिका लागि कुनै कसुर नछोड्न जोडदार माग गर्दछौ । साथै आगामी दिनमा महिला माथि हुने हिंसा बन्द गर्न तर्फ ध्यान दिन सराकारवालाहरु संग अनुरोध समेत गर्दछौ ।

व्युँझना पुन देवकोटा
अध्यक्ष
महिला मानब अधिकार रक्षक सञ्जाल
रुकुम पश्चिम

दिपा धिताल
जिल्ला संयोजक
महिला पुनर्स्थापना केन्द्र ओरेक
रुकुम पश्चिम

२०७९/०१/२९

रुकुम घटनाको सत्य तथ्य छानविनको लागि माग गर्दै ध्यानाकर्षण

Regd. No.: 392/047/048

## महिला पुनर्स्थापना केन्द्र (ओरेक)
**Women's Rehabilitation Center (WOREC)**

मिति : बैशाख २८ २०७९

**वैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको दिगो पुन:एकीकरण सम्बन्धी माग पत्र**

वैदेशिक रोजगारी नेपालको अर्थ व्यवस्थाको एक महत्वपूर्ण पाटो हो । यो अधिकांश नेपाली परिवारसँग जोडिएको सवाल हो । गत बर्ष २०२१ मा कोभिड १९ को महामारीकोबीचमा पनि वैदेशिक रोजगार विभागले २,४०,००० श्रम स्वीकृति दिएको थियो । अवसरको खोजिमा प्रत्येक दिन १,५०० देखि १,७०० जना नेपाली विदेशिन बाध्य छन्, यसमा महिलाको संख्या उल्लेख्य छ । एक अध्ययनका अनुसार मलेसिया र मध्यपूर्वी देशमा रहेका नेपाली महिला कामदारहरु मध्ये ९० प्रतिशत महिला विना कागजात काम गर्न बाध्य थिए । सन् २०२० को जुलाई देखि २०२१ को जुलाई महिनासम्म वैदेशिक रोजगार विभागले ११४५६ जना महिलालाई श्रम स्वीकृती (जसमध्ये ४५५७ दक्ष र ५७१७ अदक्ष) दिएको थियो ।[1]


महिलाको सन्दर्भमा, नेपाल सरकारले अवलम्बन गर्ने रणनीति तथा कार्यक्रमहरु मानव अधिकारवादी दृष्टिकोणबाट भन्दा संरक्षणवादी दृष्टिकोणबाट तयार गरिएका छन् । यस्ता नीति तथा रणनीतिहरुले महिलाको समानता र रोजगारी सहित, हिंसा र बिभेदमुक्त जीवन बाच्न पाउने संवैधानिक हक उल्लङ्घन गर्नुका साथै महिलाको मानव अधिकार हनन् भएको छ । यसले महिलाको आफ्नो शरिर, श्रम र गतिशीलताको अधिकारलाई कुण्ठित गर्नुको साथै आत्मविश्वासमाथि ठेस पुर्याएको छ । फलस्वरुप दलाल र रोजगारदाता कम्पनीका एजेण्टहरुले उनीहरुलाई फन्दामा पार्दै बिवशतालाई आधार बनाइ शोषण गर्न सक्ने बातावरण मिलेको छ । महिलामाथि बिभिन्न हिंसा र विभेदका साथसाथै मानव बेचबिखनको जोखिम थपिएको छ । नेपाल सरकार महिलामाथि हुने सबै प्रकारका विभेद उन्मुख महासन्धि (सिड), आर्थिक सामाजिक सांस्कृतिक अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि लगायतका मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डको पक्ष राष्ट्र हो यी कमिटिहरुले आफ्ना प्रतिवेदनहरुमा नेपाल सरकारलाई वैदेशिक रोजगारमा जाने, जानसक्ने, फर्कने, सबै महिलाहरुका लागि विशेष व्यवस्था गरि जोखिम न्यूनीकरण गर्न पटक पटक सुझाव दिएको छ । नेपाल सरकारको स्थानीय सुशासन ऐन २०७२ ले वैदेशिक रोजगारीमा गएकाहरुलाई स्थानीय सरकारको नीति कार्यक्रम अर्न्तगत पुन:एकीकरण गर्न निर्देशित गरेको छ । कोभिड १९ को माहामारीबाट पाठ सिकि वैदेशिक रोजगारीमा जानेका लागि दिगो पुन:एकीकरणको लागि काम गर्ने अवसर पनि सरकारसामु छ । यसका लागि नेपाल सरकारद्वारा वैदेशिक रोजगारसँग सम्बन्धित हालका कानुनहरुमा परिमार्जन गर्दै पुन:एकीकरणको लागि स्पष्ट कानुन तथा नीतिगत व्यवस्था गर्नु आवश्यक छ ।

यसरी तयार गरिने नीतिहरु महिला कै अनुभवमा आधारित हुन सक्दा दिगो र प्रभावकारी हुन्छ । यसलाई मध्यनजर गरि सरकारको नीतिहरु प्रभावकारी बनुन भन्ने उद्देश्यले मे १७ देखि २० मा अमेरिकाको न्यूयोर्कमा हुन गइरहेको प्रथम अर्न्तराष्ट्रिय आप्रवासन समिक्षा भेला, (**International Migration Review Forum 2022 -IMRF)** समेतलाई केन्द्रमा राख्दै ओरेक, तरंगिनी फाउण्डेसन र पौरखीले जम्मा १८४ जना वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुसँग महिलाबादी सहभागितामूलक पद्धतिमा आधारित अध्ययन गरेको थियो । उक्त अध्ययनहरुबाट प्राप्त नतिजालाई विश्लेषण गरि आउँदै गरेको अर्न्तराष्ट्रिय आप्रवासन समिक्षा भेला र त्यसमा हुने नेपाल सरकारको सहभागितामा सहयोगी होस् भन्ने हेतुले तिनै सहभागिहरुसँग मिति २०७९ बैशाख २० (तदानुसार ३ मे २०२२) मा काठमाडौंमा एक राष्ट्रिय कार्यक्रमको आयोजना गरिएको थियो । उक्त भेलामा सहभागीहरुले व्यक्त गर्नुभएका आफ्ना भोगाइहरु, प्रतिक्रिया र जीवनको भोगाइलाई समेट्दै अध्ययनका नतिजाहरुलाई अझ बलियो बनाई नेपाल सरकारले अविलम्ब गर्नुपर्ने कामको क्षेत्र, सुधार गर्नुपर्ने नीतिगत व्यवस्था, कानुन संशोधन जस्ता पक्षलाई स्पष्ट बनाउन निम्न १२ बुँदे मागहरुसहितको माग पत्र जारी गरिएको छ । यसले सरकारको पुन:एकिकरणको नीति कार्यक्रमलाई सहयोग पुग्ने हाम्रो विश्वास रहेको छ ।

[1] file:///C:/Users/dell/Downloads/Document_202107270954 0%20(1).pdf

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

वैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको दिगो पुन:एकीकरण सम्बन्धी माग पत्र



HUMAN RIGHTS ALLIANCE

राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल

**मानवअधिकार एलाइन्स**

काठमाडौं, नेपाल

डा.रेणु अधिकारीज्यू
महिला पुनर्स्थापना केन्द्र
(ओरेक)

**सम्मान पत्र**

२०७९ असार २९ गते

राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स) मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा काम गरिरहेका १ हजार ४ सय भन्दा बढी नागरिक संस्थाहरूको छाता संगठनको रुपमा स्थापित भएको छ । वि.सं. २०५६ सालमा ७ वटा संस्थाहरूको पहलमा स्थापना भएको यो संस्था हाल मुलुकका ७ प्रदेशका सबै जिल्लाहरूमा सांगठनिक संरचना सहित मानवअधिकारको संरक्षण र सम्बर्धनको क्षेत्रमा क्रियाशील रहँदै आएको छ । नेपालको मानवअधिकार र सामाजिक रुपान्तरणको प्रगतिशील अभियानलाई सशक्त र व्यापक बनाउँदै मानवअधिकार संस्कृतियुक्त, समृद्ध, मर्यादित जीवन पद्धति र न्यायपूर्ण समाज निर्माणमा योगदान गर्ने महान् उद्देश्य राखेर मानवअधिकार एलाइन्सको स्थापना गर्नुभएकोमा यहाँको योगदानको उच्च कदर गर्दै संस्थाको २३ औं स्थापना दिवसको अवसरमा हार्दिक सम्मान गर्दछौं ।

यहाँको सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको शुभकामना सहित ।

मीनबहादुर शाही
अध्यक्ष

माननीय के.पी. शर्मा ओली
प्रमुख अतिथि
अध्यक्ष, नेकपा (एमाले) एवम् पूर्व प्रधानमन्त्री

माननीय पार्वत गुरुङ
विशेष अतिथि
इन्चार्ज, मानवअधिकार एलाइन्स

राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपालको २३ औं स्थापना दिवसको सन्दर्भमा ओरेकलाई गरिएको सम्मान ।


## सन्देश मूलक कविता




महोदय! म विद्रोह गर्नेछु

महोदय !
आदर गर्नैपर्छ मैले
सृष्टि रच्ने जिम्मेवारी बोकिएको छ
म सम्मान गर्छु,
म सम्मान चाहन्छु
सप्तरगीं रगंहरुमा निर्धक्क निर्लज्ज रगिंन चाहन्छु
धुर्वसत्य ! तिमी, म, हामी
सबै सबै समानताको हिस्सेदार
संगै संगै हिड्न चाहन्छु
देख्न चाहन्छु रंगिबिरंगि न्याय र पहिचानको अधिकार
सत्य मात्र चाहन्छु
सत्यले सत्यतामै बाँचेको हेर्न चाहन्छु
तिमी निर्धक्क बोल्छौ
म पनि उच्च आवाजमा
विचारको पोको खोल्न चाहन्छु
स्वतन्त्रताको सगरमाथा बन्न चाहन्छु
समृद्धिको सपनामा भुल्न चाहन्छु ।
महोदय !
मेरो धर्ती
यो मेरो पनि हो, नैसर्गिक
कसरी महसुस गरौं
नजरबन्दभित्र सुरक्षित हुनुको ?
तिम्रो मुखले इच्छा ओकल्छ
चाहना ओकल्छ
सन्तुष्टि ओकल्छ
हेर !! यता पट्टी बाँधिएको
संस्कारको पट्टी
मानवताको लागि
मान्यताको पट्टी
जसको न्वारन तिमीले गर्‍यौ
कथित परम्पराको गहनाले पुर्‍यौ
मेरो सरिरलाई मेरो बन्न दिएनौ
मेरो पहिचानलाई स्वीकार्न सकेनौ
मलाइ ठीक लागेन
साहस बटुलें
शरीर कमजोर भन्यौ
दिमाग नभएको भन्यौ
अहँ मानिनँ ।
किन मान्थेँ ?
तिमीले प्लेन उडायौ
मैले पनि उडाएँ, निर्धक्क उडाएँ
तिमीले संसार नै ध्वस्त पार्ने
मिसाइल बनायौ
तर मैले सृस्टि आविषकार गर्ने
मायाको बगैंचा सँगालें
शायद यसलाई कमजोरीको बिल्ला भिरायौ
लडाइँ हैन तिमीसँग
धुर्वसत्य ! तिमी, म र हामी
सबै सबै समानताको हिस्सेदार
संगै संगै हिड्न चाहन्छु
देख्न चाहन्छु रंगिबिरंगि न्याय र पहिचानको
अधिकार
महोदय !!
मलाई नीच देखाउने तिम्रा कथित सिद्धान्तहरू
सपनामाथि धावा बोल्ने दिग्भ्रमित दृष्टान्तहरू
अस्तित्व स्वीकार्दै नस्वीकार्ने धमिरे अहमहरू
नियन्त्रीत कानुनहरु
म विरोध गर्नेछु
विद्रोह गर्नेछु, गरिरहनेछु
मात्र स्वतन्त्रताको लागि

**गएको ३ महिना (अप्रिल देखि जुन २०२२) सम्म ६४९ जना महिला, बालिका तथा किशोरीहरुमाथि भएको हिंसाको तथ्याङ्क अभिलेखीकरण गरिएको छ, जसमध्ये १२५ वटा विभिन्न पत्रपत्रिकाबाट संकलन गरिएको हो ।**





WOREC
ओरेक
बालकुमारी, ललितपुर फोन नं: ०१ ५१८६०७३,
ईमेल: ics@worecnepal.org
वेवसाइट: www.worecnepal.org
हटलाईन नम्बरहरु: १६६००१७८९१०,१६६०-२१-५२०००